नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३१ अंक १५१ २०७८ साल पुस २८ गते बुधबार (12 Jan. 2022 Wednesday) मूल्य रु. ५/-

हिंसामुक्त घर, सुखी परिवार
समृद्ध समाजको बलियो आधार ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश २ राजधानी र नामका... ३ पृष्ठमा : 'लकडाउन होइन स्मार्ट... ३ पृष्ठमा : उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रहार...

## १८ वर्षमाथिका करिब ४ लाखले कोभिड १९ बिरुद्धको खोप लगाए

**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस ।**

कोभिडको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिन नदिन सप्तरीमा उच्च सतर्कता अपनाएको छ ।

स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जिल्लामा मंगलबारसम्ममा १८ वर्षमाथिका करिब ४ लाखले कोभिड १९ बिरुद्धको खोप लगाएको जानकारी दिएका छन् । पूर्ण खोप १५ प्रतिशतले अझै लिएका छैनन् ।

उनले जिल्लामा हालसम्म करिब ६ लाख खोप प्रांप्त भएको र खोप दिने काम अझै जारि रहेपनि सर्वसाधारणमा खोपप्रतिको आकर्षण घटेको बताए ।

सुरु सुरुमा खोप केन्द्रमा भिड व्यवस्थापन गर्न गाह्रो भएकोमा अहिले खोजिखोजि लगाउनु पर्ने अवस्था छ उनले भने । खोपसहित वडा वडामा स्वास्थ्यकर्मीको टोली खटिएपनि खोप लिन आउनेको संख्यामा निकै कमी देखिन थालिएको उनको भनाई छ ।



मंगलबारसम्ममा सप्तरीका १८ वटै स्थानिय तहका स्वास्थ्य चौकीहरुमा २५ हजार खोप स्टकमा रहेको जानकारी दिदै खोप लिन बाँकी रहेकाहरुलाई खोप लिन सचेत गराइरहेको बताए ।

यता गजेन्द्र नारायण सिंह अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिन नदिन र उच्च सतर्कता अपनाउन आवश्यक तयारी गरिएको बताएका छन् ।

उनले अस्पताल परिसरमै अक्सिजन प्लान्टको स्थापना गरि उत्पादन सुरु गरिसकेको बताए । उक्त प्लान्टबाट २४ घण्टामा ९० देखी १ सय २५ सिलिण्डरसम्म उत्पादन हुने भएकोले उक्त उत्पादनले कोरोनाका बिरामीका लागि अक्सिजन पर्याप्त हुने उनको दाबी छ । यस बाहेक लिक्विड अक्सिजन ट्याङ्ग, भेन्टिलेटर, आइसियु लगायतका पूर्वाधार पनि तयारी अवस्थामा राखिएको उनले बताए ।

छिमेकी मुलुक भारतमा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन तिब्र रुपमा फैलिरहेकाले सीमानाकामा कडाई गर्न र हेल्थ डेस्क मार्फत स्वास्थ्य परिक्षण लगायतका गतिविधी प्रभावकारी ढंगले अघि बढाउन सरोकारवालाले निकायले ध्यान दिनु आवश्यक छ ।

## एमाले निकट मुश्लिम संगठनको नगर अधिवेशन तयारी सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस ।**

नेकपा एमाले निकटको नेपाल इतेहा मुश्लिम संगठनको राजविराज नगर अधिवेशनको तयारी सुरु भएको छ ।

पार्टी कार्यालयमा मंगलबार बसेको बृहत बैठकले नगर अधिवेशन एक महिना भित्रै सम्पन्न गर्ने निर्णय गरेको छ ।

बैठकले नगर अधिवेशन भव्य रुपमा सम्पन्न गर्न मुश्लिम अगुवा मो. नुरुलहोदा अंसारी र मो. यासिमलाई जिम्मेवारी दिँदै प्रतिनिधि तोकेको छ ।

पार्टी निकटका सबै भातृ संगठनहरुलाई सक्रिय गराउने क्रममा नेपाल इतेहा मुश्लिम संगठनको नगर अधिवेशन एक महिना भित्रै सम्पन्न गर्ने निर्णय भएको हो ।

बैठकमा केन्द्रिय सदस्य राजकुमार लेखी, दिवाकर देवकोटा, सरिता गिरी, जिल्ला अध्यक्ष ताराकान्त चौधरी, उपाध्यक्ष अब्दुल मजिद शाकिर, सचिव देवनाथ यादव, उपसचिव अखिलेश झा लगायत एमालेका अगुवा नेता कार्यकर्ताको उल्लेखीय सहभागिता रहेको थियो ।

## अस्पतालका चिकित्सकमा कोरोना संक्रमणको पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस ।**

गजेन्द्र नारायण सिंह अस्पताल राजविराजका एक चिकित्सकमा कोरोना संक्रमणको पुष्टि भएको छ ।

चिकित्सक नै संक्रमित भएपछि उपचारका लागि भर्ना भएका बिरामीसँगै स्थानियमा पनि त्रास फैलिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार अस्पतालको इमरजेन्सी विभागमा कार्यरत ३९ वर्षिय एक चिकित्सकमा कोरोना संक्रमण पुष्टि भएको हो । योसँगै जिल्लामा सक्रिय संक्रमितको संख्या दुई



पुगेको छ ।

दुई दिनअघि भारतीय सीमासँग जोडिएको तिलाठी कोइलाडीकी एक ६० वर्षिय महिलामा कोरोना संक्रमणको पुष्टि भएको थियो । संक्रमित दुबैजना स्वास्थ्यकर्मीको सम्पर्कमा होमआइसोलेशनमा रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

## सर्लाहीका प्रजिअ र प्रहरी उपरीक्षक कोरोना संक्रमित

**दैनिक समाचारदाता**
**सर्लाही, २७ पुस ।**

सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम र प्रहरी उपरीक्षक कृष्ण प्रसाईंलाई कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

सोमबार साँझ दुवै जनाको रिपोर्ट पोजिटिभ आएपछि एकान्तबासमा बस्नुभएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिएका छन् ।

उनीहरूले पिसिआर परीक्षणका लागि आइतबार जिल्ला अस्पताल मलङ्गवामा स्वाब परीक्षण गराएका थिए ।



## सम्पादकीय

# हेला गर्ने प्रवृती त्यागौं

कुनै पनि गरिब व्यक्तिलाई हेला गर्ने प्रवृती त्याग्ने बानी बसालौं । व्यक्तिलाई गरिब र धनी उसको आर्थिक अवस्थाले छुट्याइन्छ । आर्थिक अवस्था भने उसको काम र महिनेतले नै निर्धारण गर्दछ । गरिब हुनु कुनै मानिसको दोष होइन् । जुनसुकै पनि मानिसले सकेसम्म धन आर्जन गर्न महिनेत गर्नेगर्छन । गरिब भएकै कारण आर्थिक अवस्था कमजोर हुनु स्वभाविक हो ।

तर, मानिस भएर जन्म लिएपछि उसले धर्तीमा आफ्नो कर्तव्य निष्ठापूवर्क गर्नुपर्ने हुन्छ । जति महिनेत गऱ्यो उति मानिस सबल हुँदै जान्छ । मानविय नाताले कुनै गरिबलाई सहयोग गर्नु मानवताको धर्म पनि हो । गरिब भएकै कारण उपचार गर्न नसकेर मृत्युवरण हुनुपर्छ भन्ने कुरालाई हामीले मनन् गर्नु आवश्यक छ ।

तसर्थ गरिब, असहाय तथा अतिविपन्न जनताहरुप्रति सहयोग गर्ने भावना अहिले पनि थोरै मात्रामा रहेको छ । यसरी कसैलाई समयमा सहयोग गर्नु मानवताको धर्म भएकोले यसप्रति सबै सचेत हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश २ राजधानी र नामका लागि पुनः मतदान हुने

**राजु विश्वकर्मा**
जनकपुर, २७ पुस (रासस) ।

प्रदेश २ को नामकरण र राजधानीसम्बन्धी प्रस्ताव पुनः मतदानमै लैजाने दलहरूबीच सहमति भएको छ । दलहरूबीच मतदानका लागि प्रदेशसभामा प्रस्ताव लैजाने सहमतिसँगै प्रदेशसभाको बैठक आगामी माघ २ गते बस्ने भएको छ ।

बैठकमा विभिन्न दलका प्रदेशसभा सदस्यबाट नाम र राजधानीका लागि आएका प्रस्ताव टेबल गर्ने र माघ ३ गते मतदान गर्ने दलहरूबीच सहमति भएको नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साहले जानकारी दिनुभयो ।

प्रदेशको नाम र राजधानीसम्बन्धी आएका फरक-फरक प्रस्तावमा सहमति जुटाउनका लागि प्रदेशसभाले सभामुख सरोजकुमार यादवको संयोजकत्वमा १६ सदस्यीय प्रदेशको नामकरण र राजधानीसम्बन्धी विशेष अध्ययन समिति गठन गरेको थियो ।

सो समितिले विभिन्न चरणमा गरेको छलफल तथा राजनीतिक नेतासँग गरेको बैठकमा सहमति जुटाउन नसकेपछि पुनः मतदानद्वारा नै ती प्रस्ताव टुङ्गो लगाउने दलहरूबीच सहमति भएको छ । सो समितिको पहलमा बसेको सर्वदलीय बैठकमा प्रदेशको नाम र राजधानीको प्रस्तावलाई मतदानमै लैजाने सहमति भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जीतकुमार यादवले जानकारी दिनुभयो ।

समितिले प्रदेशसभामा दर्ता भएको प्रदेशको नाम मधेस, जानकी, मिथिला भोजपुरा,मध्य मधेस र राजधानीको प्रस्ताव जनकपुर र बीरगन्जमाथि सांसदहरूबीच छलफल सकेर संसदीय दलका नेतासँग छलफल गरेको थियो । तर कुनै प्रस्तावमा सहमति नभएपछि मतदानका लागि सहमति भएको सचिव यादवले बताउनुभयो । प्रदेशको नाम र स्थायी राजधानीको प्रस्ताव पारित हुन प्रदेशसभामा दुई तिहाइ बहुमत आवश्यक छ ।

तर दलहरूबीच प्रदेशको राजधानी जनकपुर कायम गर्नुपर्नेमा करिब करिब सहमत रहेपनि नामको विषयमा फरक-फरक प्रस्ताव आएका छन् । सत्तारुढ जनता समाजवादी पार्टी, नेकपा (माओवादी) र प्रमुख प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टीले प्रदेशको नाम मधेस प्रदेश राख्नुपर्ने प्रस्ताव गरेका छन् ।

१०७ सदस्यीय प्रदेशसभामा तीनै दलको सदस्य सङ्ख्या जोड्दा ६३ जना पुग्छ । तर प्रस्ताव पारित गर्न ७० सांसद चाहिने देखिन्छ । यस्तै सत्तारुढ नेकपा (एकीकृत समाजवादी) पार्टी र प्रतिपक्षी दल नेकपा (एमाले)ले प्रदेशको नाम जानकी राख्नुपर्ने प्रस्ताव गरेको छ । ती दुबै दलको प्रदेशसभामा २१ जना सांसद छन् भने प्रदेशको नाम मिथिला भोजपुरा प्रस्ताव गरेको नेपाली कांग्रेससँग १९ प्रदेशसभा सदस्य छन् ।

यसबाहेक नेपाली कांग्रेसकै राजेश्वरप्रसाद साहले प्रदेशको नाम मध्य मधेश प्रस्ताव गर्नुभएको छ । यसरी अङ्कगणितलाई केलाउदा मधेशको प्रस्ताव ल्याएका तीनलाई कांग्रेस, नेकपा एकीकृत समाजादी पार्टी वा नेकपा एमालेमध्ये कुनै एक दलले समर्थन गर्नुपर्ने हुन्छ । तर अहिलेकै अवस्थामा कुनै पनि प्रस्तावमा दुई तिहाई पुग्ने अवस्था नदेखिएको प्राध्यापक देवनारायण यादवको भनाइ छ ।

"सत्तारुढ गठबन्धनसँग प्रदेश २ सभामा रहेको त्यो सङ्ख्या प्रस्ताव पारित गर्न दुई तिहाई पुग्छ", प्राध्यापक यादवले भन्नुभयो,"तर गठबन्धन दलहरूभित्रै प्रदेशको नामका विषयमा फरक-फरक धारणा र प्रस्ताव छन् ।" कुनै प्रस्वातमा ठोस् सहमति नभए पुनःअघिल्लो मतदानकै जस्तै परिणाम आउने उहाँको कथन छ ।

यसअघि गत २०७७ चैत्र ५ गते प्रदेश २ को राजधानी र नामकरणको विषयमा प्रदेशसभामा मतदान भएको थियो । त्यतिबेलै प्रदेशको राजधानी जनकपुर राख्ने विषयमा सहमति नजिक पुगेका राजनीति दलहरूबीच नामकरणमा सहमति नभएपछि मतदान प्रक्रियाबाटै दुबै विषय टुङ्ग्याउने भन्दै मतदान गरेका थिए । त्यतिखेर दुई तिहाई बहुमत नपुगेपछि राजधानी र नामकारणको प्रस्तावसमेत पारित हुन सकेको थिएन ।

"प्रदेशको राजधानी जनकपुर नै राख्नेमा करिब करिब सबै प्रदेशसभा सदस्यको एकमत नै रहेको देखिन्छ", जनता समाजवादी पार्टी (जसपा) का नेता तथा प्रदेशसभा सदस्य रामअशिष यादवले भन्नुभयो,"प्रदेशको नामका सन्दर्भमा पनि विभिन्न प्रस्तावमा छलफल अझै जारी रहेको छ, मतदान हुने बेला पनि सहमति गरेर मधेश प्रदेशको प्रस्ताव पारित गराउने पहल जारी राख्छौं ।"

# साढे १३ वर्षमा २ सय ८९ गैंडा मरे

रत्ननगर, २७ पुस (रासस) ।

चितवन राष्ट्रिय निकुञ्जमा पछिल्लो साढे १३ वर्षको अवधिमा २८९ वटा गैंडा मरेका छन् । मरेका गैंडामध्ये धेरै कालगतिले मरेका छन् भने केही गैंडा चोरी शिकारीका कारण, केही गैंडा जुधेर तथा केही गैंडा बाढी र बाघको आक्रमणबाट मरेका चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले विसं २०६५ असारदेखि हालसम्म निकुञ्ज र वरिपरिका क्षेत्रमा २८९ वटा मरेका जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७५/७६ मा सबैभन्दा बढी गैंडा मरेका छन् । उक्त वर्ष मरेका ४३ गैंडामध्ये १३ वटा पोथी, नौवटा भाले तथा बाँकी गैंडाको लिङ्ग पहिचान गर्न नसकिएको तिवारीले बताउनुभयो ।

सो वर्ष बयस्क गैंडाको धेरै मृत्यु भएको उल्लेख गर्दै सूचना अधिकारी तिवारीले धेरै गैंडाको मृत्युको कारण पत्ता लगाउन नसकिएको बताउनुभयो । बयस्क तथा बृद्धावस्थाका १६ वटा, पाँच वर्षमुनिका सातवटा तथा बाँकीको कङ्कालमात्रै भेटिएको कारण उमेर पत्ता लगाउन नसकिएको तिवारीको भनाइ छ । त्यसैगरी सोही वर्ष आठ गैंडा जुधेर, गोहीको आक्रमणबाट एउटा, सेफ्टी टयाङ्कीभित्र खसेर एउटा, खाल्डामो खसेर एउटा, बिरामी भएर एउटा, बृद्धावस्थाका कारण दुई तथा आठवटा गैंडाको मृत्युको कारण पत्ता लगाउन नसकिएको तिवारीले जानकारी दिनुभयो ।

चितवन निकुञ्जमा २०६५/६६ मा १७, २०६६/६७ मा २५, २०६७/६८ मा १६, २०६८/६९ मा १३, २०६९/७० मा १० गैंडा मरेका थिए । त्यस्तै आव २०७०/७१ र २०७१/७२ मा ११/११ वटा, २०७२/७३ मा १४, २०७३/७४ मा २५, २०७४/७५ र २०७६/७७ मा २६/२६ वटा, २०७७/७८ मा ३३ वटा गैंडा मरेका निकुञ्जका सूचना अधिकारी तिवारीले जानकारी दिनुभयो । तिवारीका अनुसार चालु आवको हालसम्म १९ वटा गैंडा मरेका छन् ।

चालु आवमा मरेका १९ गैंडामध्ये दुईवटा गैंडा चोरी शिकारी, प्राकृतिक कारणले तीनवटा, सिमसार तथा बालुवामा फसेर सात, एकापसमा जुधेर चार, बाघको आक्रमणबाट एक, दुईवटा गैंडाको कङ्कालमात्रै भेटिएका कारण मृत्युको कारण पत्ता नलागेको तिवारीले जानकारी दिनुभयो । चितवन राष्ट्रिय निकुञ्जले गैंडा संरक्षणका लागि विभिन्न पहल गर्दै आएको भए पनि चोरी शिकारी नियन्त्रण गर्न भने असफल देखिएको छ । निकुञ्जले पछिल्लो साढे १३ वर्षको अवधिमा विभिन्न समयमा गरी तीनपटकसम्म शून्य चोरी शिकारी नियन्त्रण वर्ष मनाउन सफल भएको थियो ।

चोरी शिकारी शून्य बनाउन भन्दै निकुञ्जले मध्यवर्ती क्षेत्रको समुदायमा चोरी शिकारी नियन्त्रण युवा जागरण अभियानसहित विभिन्न समूह तयार पारेर बर्षेनी ठूलो बजेट छुटयाउँदै आएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले जानकारी दिनुभयो । समुदायमा संरक्षणसम्बन्धी चेतना बढ्दै गएको भए पनि पछिल्लो समय चोरी शिकारीका कारण गैंडा मर्नुले निकुञ्जको सुरक्षा व्यवस्थामा भने प्रश्न उठेको छ । निकुञ्ज सुरक्षाका लागि नेपाली सेनाको टोलीले नै निकुञ्जभित्रका विभिन्न ५८ स्थानमा राखिएको छ ।

त्यस्तै हिउँदको समयमा विभिन्न योजना थप गर्दै निकुञ्जभित्र सुरक्षाकर्मीको उपस्थिति बाक्लो बनाईदै आएको छ । चितवन राष्ट्रिय निकुञ्जको मुख्यालय चितवनमा पर्ने भए पनि यो निकुञ्ज विभिन्न चारवटा जिल्लाको १२ वटा स्थानीय तहमा फैलिएको छ । चितवनका पाँच पालिका, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का पाँच पालिका, मकवानपुर र पर्साको एक/एकवटा स्थानीय तहमा फैलिएको चितवन राष्ट्रिय निकुञ्जको जम्मा क्षेत्रफल ९५२ वर्ग किलोमिटर छ ।

# विद्यार्थी संगठनद्वारा मेडिकल शुल्कबारे गृह मन्त्रीको ध्यानाकर्षण

काठमाडौं, २७ पुस (रासस) ।

गृहमन्त्री बालकृष्ण खाँणले विद्यार्थी संगठनले चिकित्सा शिक्षा अन्तर्गत एमबीबीएस, बीडीएस र बीएनएस अध्ययनमा मेडिकल कलेजले लिएको शुल्कका सम्बन्धमा गराएको ध्यानाकर्षणलाई आफूले गम्भीरतापूर्वक लिएको बताउनुभएको छ ।

सात विद्यार्थी संगठनले मंगलबार मन्त्रालयमा बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री खाँणले यस सम्बन्धमा परामर्श गरेर अघि बढ्ने आश्वासन दिनुभएको छ ।

ध्यानाकर्षणपत्र बुझाउनेमा नेपाल विद्यार्थी संघ, अखिल क्रान्तिकारी, अनेरास्वबियू, समाजवादी विद्यार्थी युनियन, अखिल छैठौंलगायत विद्यार्थी संगठन थिए । मन्त्री खाँणले शिक्षा मन्त्रालयमार्फत यो विषय आएमा आफूलाई सहज हुने र शिक्षा मन्त्रीलाई पनि ध्यानाकर्षण गराउन आग्रह गर्नुभएको थियो ।

विद्यार्थी संगठनले चिकित्सा शिक्षाअन्तर्गत एमबीबीएस, बीडीएस र बीएनएस अध्ययनमा नोबेल मेडिकल कलेज, काठमाडौं मेडिकल कलेज, मणिपाल मेडिकल कलेजले चिकित्सा शिक्षा आयोगले तोकेको भन्दा बढी शुल्क लिएर ज्याजति गरेको भन्दै छानबिन गरी दोषी भेटिए कारबाही गर्न माग गरेका छन् ।

# 'लकडाउन होइन स्मार्ट लकडाउन हुनसक्छ'

काठमाडौँ, २७ पुस (रासस) ।
सरकारले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि आगामी माघ १५ गतेसम्म विद्यालय बन्द गर्न निर्देशन दिएको छ । साथै २५ जनाभन्दा बढीको उपस्थिति हुने सभा, गोष्ठी तथा सबै सार्वजनिक कार्यक्रमहरू बन्द गराएको छ । सम्भावित कोरोना भाइरसको तेस्रो लहरलाई मध्यनजर गर्दै यही पुस २६ गतेबाट गृहमन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयहरूमार्फत् सङ्क्रमणको रोकथाम र नियन्त्रणका लागि ८ बुँदे आदेश जारी गरेको छ ।

सङ्क्रमण बढ्दै गएको अवस्थामा सरकारले गरेका पछिल्ला निर्णयले फेरि पनि बन्दाबन्दी (लकडाउन) हुने हो कि भन्ने चिन्ता आम सर्वसाधारणमा देखिन थालेको छ । सङ्क्रमणको पहिलो र दोस्रो लहरमा बन्दाबन्दी भोग्नु परेका नेपालीहरूमा फेरि त्यस्तो अवस्था आउने त होइन भन्ने चिन्ता छाएको देखिएको हो ।

पुस २३ गते १४ हजार ९७१ जनामा परीक्षण गरेकामध्ये २६२ कोरोना भाइरसका सङ्क्रमित रहेकोमा पुस २६ गते हिजो ११ हजार ४२९ परीक्षण गरेकामध्ये एक हजार ४४६ सङ्क्रमित देखिएका छन् । साथै नेपालमा हाल सात हजार ८५५ सक्रिय सङ्क्रमति पुगेका छन् । यसरी अहिले दैनिक सङ्क्रमित हुनेको सङ्ख्या बढिरहेको छ ।

**सङ्क्रमण दर बढ्दै**

सङ्क्रमण दर पनि वृद्धि भएको छ । पुस १९ गते कूल परीक्षणमध्ये २.६ प्रतिशतमा रहेको सङ्क्रमण हिजो पुस २६ गते कूल परीक्षण गरेकोमध्ये १२.७ प्रतिशतमा सङ्क्रमण पुगेको छ । यस्तै पुस २५ गते कूल परीक्षण गरेकोमध्ये ९.२ प्रतिशतमा सङ्क्रमण दर रहेको थियो ।

यसैगरी पुस २० गते ४.२ प्रतिशत, पुस २१ गते ४.३ प्रतिशत पुस २२ गते ४.५ प्रतिशत, पुस २३ गते ६.५ प्रतिशत, पुस २४ गते ७१ प्रतिशत कूल सङ्क्रमण दर रहेको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सङ्क्रमणकै कारणले अहिलेसम्म नै बन्दाबन्दी ( लकडाउन)को अवस्थामा पुगिहाल्ने कुनै निर्णय गरेको छैन ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले अहिलेको अवस्थामा बन्दाबन्दी गरिहाल्ने सोच मन्त्रालयको नभएको बताउनुभयो । "बन्दाबन्दी बारेमा छलफल नै भएको छैन," उहाँले भन्नुभयो, "हामी अहिले सङ्क्रमणका रोकथाम र नियन्त्रणमा ध्यान दिन्छौँ । अहिल्यै नै बन्दाबन्दीबारे सोचेका नै छैनौँ ।"

मन्त्रालयले जुन क्षेत्रमा सङ्क्रमणको दर बढी हुन्छ सोही क्षेत्रमा मात्र स्मार्ट लकडाउन गर्ने तयारीमा रहेको छ । उहाँका अनुसार तर मन्त्रालयले 'स्मार्ट लकडाउन' गर्ने अधिकार भनेर सम्बन्धित जिल्लाको जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रलाई दिएको छ । जिल्ला र स्थानीय तहमा कति सङ्क्रमितसम्मलाई उपचार गर्न सकिन्छ त्यसको पनि अब लेखाजोखा हुनुपर्ने अवस्था छ ।

"जिल्ला र स्थानीय तहमा कति सङ्क्रमितसम्मलाई त्यहाँ रहेको अस्पतालमा उपचार गर्न सकिन्छ । त्यो अवस्था हेरेर डिसिएमसीले 'स्मार्ट लकडाउन' गर्न सक्दछ," उहाँले भन्नुभयो, "सङ्क्रमित सङ्ख्या र उपचार गर्नसक्ने क्षमता हेरेर 'स्मार्ट लकडाउन' गर्ने अधिकार दिइएको छ ।"

मन्त्रालयले सम्भावित जोखिम रोक्नका लागि खोप अभियानलाई तीव्रता दिएको छ । प्रतिदिन पाँच लाख जनालाई खोप लगाउन सक्ने क्षमता मन्त्रालयसँगै रहेको छ । मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले तेस्रो लहरलाई रोकथाम र नियन्त्रण गर्नका लागि खोप अभियानलाई जनताको घरदैलोसम्म पुऱ्याइरहेको बताउनुभयो ।

स्थानीय तहको समन्वयमा खोप अभियानलाई जनताको घरदैलोमा पुऱ्याइएको छ । मन्त्रालयले यही पुस मसान्तभित्र लक्षित सबैलाई खोप लगाएपछि बुस्टर डोज दिने भएको छ । बुस्टर डोज अग्रपङ्क्तिमा काम गर्नेलाई माघको पहिलो हप्ता र ६० वर्ष भन्दामाथिका ज्येष्ठ नागरिक तथा गम्भीर रोग प्रतिरोधात्मक क्षमता कम भएका, सक्रिय क्यान्सरका रोगी, अङ्ग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी, उपचारको क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराउने औषधि सेवन गरिरहेका बिरामीलाई माघको दोस्रो हप्तादेखि बुष्टर डोज दिने भएको हो ।

**ओमिक्रोन भेरियन्ट रोकथामको तयारी**

सरकारले पहिलेको अनुभवबाट पाठ सिकेर अहिले सम्भावित तेस्रो लहरको जोमिख हुननदिन अस्पताललाई तयारी अवस्थामा राखेको छ । उपत्यकाका र देशभरिका अस्पताललाई अक्सिजन, सघन उपचार कक्ष (आइसियु), हाई डिपेन्डेन्सी युनिट (एचडियु), भेन्टिलेटर, आइसोलेशनको तयारी अवस्थामा राखेको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले बताउनुभयो ।

उहाँका अनुसार यहाँ सघन उपचार कक्ष दुई हजार ७९७, भेन्टिलेटर एक हजार ८, एचडियु तीन हजार ८४६ उपलब्ध छन् । यस्तै अक्सिजन सिलिण्डर १३ हजार ९३९, अक्सिजन कन्सन्ट्रेटर ६९३ रहेका छन् । यसैगरी २५ अक्सिजन ट्याङ्कमा १९ वटार १०७ मध्ये ८७ अक्जिसन प्लान्ट सञ्चालनमा आइसकेको छ । उपत्यकामा दुई हजार ४९४ आइसोलेशन शय्या, ३२४ एचडियु, ४४५ आइसियु र २५४ भेन्टिलेटर रहेका छन् ।

प्रदेश नं १ मा ११ वटा प्रदेश २ मा छ वटा, बागमती प्रदेशमा २१ वटा, गण्डकी प्रदेशमा १७, लुम्बिनी प्रदेशमा १८ वटा, कर्णाली प्रदेशमा ७ वटा र सुदूरपश्चिम प्रदेशमा पाँच वटा अक्सिजन प्लान्ट स्थापना गरिएको छ । मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्राले ओमिक्रोन भेरियन्टको सम्भावित जोखिम रोक्नका लागि स्वास्थ्यकर्मी पनि तयारी अवस्थामा राखिएको बताउनुभयो ।

"समुदायमा जोखिम क्षेत्र पत्ता लगाई एन्टिजेनमार्फत परीक्षण गर्न र पहिचान भएका सङ्क्रमितको उचित व्यवस्थापन गर्नसमेत सबै स्थानीय तह र प्रदेश सरकारलाई निर्देशन दिइसकेको छ," उहाँले भन्नुभयो । यस्तै सीमा नाकामा कोरोना भाइरसको परीक्षण थप बढाउने र सङ्क्रमितलाई आइसोलेशनमा राख्ने व्यवस्था मिलाइएको उहाँको भनाइ रहेको छ । ओमिक्रोन भेरियन्ट पत्ता लगाउन मन्त्रालयले नियमित रूपमा परीक्षणको काम गरिरहेको छ ।

# आठ स्थानको खनिज अध्ययन तथा उत्खननका लागि अनुमति

काठमाडौँ, २७ पुस (रासस) ।
खानी तथा भूगर्भ विभागले देशभरका आठ स्थानको खनिज अध्ययन तथा उत्खननका अनुमति प्रदान गरेको छ । विभागले देशभरका आठ स्थानको चुनढुङ्गा, मार्बल, काउलिड, बालुवा र तामालगायतका खनिज पदार्थको उत्खनन तथा अध्ययनका लागि विभिन्न कम्पनीलाई अनुमति प्रदान गरेको हो ।

विभागका अनुसार धादिङको तान्द्राङगढी र जुरेथुममा चुनढुङ्गा उत्खननका लागि अनुमति प्रदान गरिएको छ । तान्द्राङगढीमा सर्वोत्तम सिमेन्ट र जुरेथुममा शक्ति सिमेन्ट उद्योगलाई उत्खननका लागि अनुमति प्रदान गरिएको विभागका प्रवक्ता जयराज घिमिरेले जानकारी दिनुभयो ।

यसैगरी, भीमफेदीको मार्बल उत्खननका लागि अरिटेन्ट मिनलर प्रालि, गोरखाको गण्डकी गाउँपालिकाको बालुवा उत्खननका लागि गोरखा रिसोर्सेस प्रालि, सोही गाउँपालिकाको थप दुई स्थानमा बालुवा उत्खननका लागि महर्जन खानी उद्योग प्रालिलाई अनुमति दिइएको उहाँले बताउनुयो ।

यस्तै, मकवानपुरस्थित दामनको काउलिङ र बागलुङ ओखरबोटको तामा अध्ययनका लागि क्रमश: सिमभञ्याङ प्राइम रिसोर्सेज प्रालि र डोङ्गी मिनरल प्रालि काठमाडौँलाई अनुमति प्रदान गरिएको हो । कूल १३ स्थानको खानी उत्खनन तथा अनुमतिका लागि बोलपत्र आह्वान गरेको विभागले चार वटा स्थानमा निवेदन नपरेको र एक स्थानको लागि आवेदन रद्द भएको विभागका महानिर्देशक रामप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

विभागले आठ स्थानको खनिज उत्खनन तथा अनुमति प्रदान गरेबापत रु ३७ करोड राजस्वसमेत सङ्कलन गरेको छ । यस्तै, विभागले देशका विभिन्न क्षेत्रको भू इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययनको काम समेत गरिरहेको छ ।

विभागका अनुसार विसं २०५२देखि हालसम्म देशभरका विभिन्न २२ शहरको भू:इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन सम्पन्न भइसकेको छ । विभागले प्रत्येक वर्ष एक सहरको भू-इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन गर्दै आएको छ । चालू आर्थिक वर्षमा विभागले बर्दियाको गुलरियामा भू इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययनको काम सम्पन्न गरेको थियो ।

# एमालेको अधिवेशन सऱ्यो

**दैनिक समाचारदाता**
**काठमाडौँ, २७ पुस ।**
नेकपा एमालेको प्रदेश अधिवेशन सरेको छ । यही माघ ८ गतेका तोकिएका सबै प्रदेशको अधिवेशन माघ २८ र २९ गतेका लागि सारिएको नेकपा एमाले प्रचार विभागका उपप्रमुख विष्णु रिजालले जानकारी दिएका छन् ।

गत शुक्रबार ६१ जिल्लाको अधिवेशन सकेको थियो भने १६ जिल्लाको अधिवेशन पनि बाँकी छ । कोरोना संक्रमणको ग्राफ पुन:उकालो लाग्न थालेपछि सरकारले कुनै पनि सभा/सम्मेलन नगर्न आग्रह गरेको छ । सरकारी मापदण्ड तथा कोरोना जोखिमलाई दृष्टिगत गर्दै अधिवेशन सारिएको एमालेले जनाएको छ ।

# विश्व समाचार

## उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रहार

सोल, २७ पुस (रासस/सिन्ह्वा) ।
उत्तर कोरियाले मङ्गलबार पनि पुन: एक अज्ञात क्षेप्यास्त्र प्रहार गरेको बताइएको छ । उत्तर कोरियाले समुद्रतर्फ सो क्षेप्यास्त्र प्रक्षेपण गरेको दक्षिण कोरियाले जनाएको छ ।

दक्षिण कोरियाका ज्वाइन्ट चिफ अफ स्टाफले मङ्गलबार बिहान सो दाबी गरेका छन् । उनले पूर्वीसमुद्रतर्फ सो क्षेप्यास्त्र प्रक्षेपण गरेको बताएका हुन् ।

यो प्रक्षेपण ब्यालिस्टिक मिसाइल हुन सक्ने बताइएको छ । जापानिज कोस्ट गार्ड (जेसीएस)ले यो क्षेप्यास्त्र मिसाइल हुन सक्ने बताएका हुन् ।

यसबारेमा अझै पनि यकिन भने हुन सकेको छैन । उत्तर कोरियाले गरेको यस क्षेप्यास्लस्त्रको बारेमा दक्षिण कोरिया र जापानले आवश्यक अनुसन्धान थालेका बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घले उत्तर कोरियालाई ब्यालेस्टिक मिसाइल प्रक्षेपणमा प्रतिबन्ध लगाएको छ । मङ्गलबारको यस प्रक्षेपणका बारेमा दक्षिण कोरिया र अमेरिकी गुप्तचरले अनुसन्धान गरिरहेका बताएको छ ।

उत्तर कोरियाले छ दिनमात्र अघि पनि यहाँ यस्तै प्रकारको क्षेप्यास्त्र हानेको थियो । यसै हप्ता उत्तर कोरियाले दुई वटा क्षेप्यास्त्र हानेको छ ।

## अफगानिस्तानमाथिका प्रतिबन्ध फुकुवा गर्न अमेरिकालाई चीनको आग्रह

बेइजिङ, २७ पुस (रासस/सिन्ह्वा) ।
चीनले अमेरिकाद्वारा अफगानिस्तानमाथि लगाइएका नाकाबन्दी एवम् विभिन्न प्रकारका प्रतिबन्ध फुकुवा गर्न आग्रह गरेको छ ।

चीनको विदेश मन्त्रालयले सोमबार सो आग्रह गरेको हो । अमेरिकाले पछिल्लो समयमा अफगानिस्तानमा तालिबान सत्ता आएपछि विभिन्न नाकाबन्दी लगाएको छ ।

हाल अफगानिस्तान निकै अप्ठेरो अवस्थामा रहेको, यहाँ हिमपात तथा चिसोका कारण अफगान नागरिक निकै अप्ठेरोमा परेको र मानवीय सहायताको पनि खाँचो परिरहेकाले अमेरिकालाई सो नाकाबन्दी फिर्ता गर्न आग्रह गरेको हो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले सो आग्रह गर्नुभएको हो । मन्त्रालयको नियमित पत्रकार सम्मेलनका क्रममा सोमबार चिनियाँ विदेश मन्त्रालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा उहाँले सो आग्रह गर्नुभएको हो ।

अफगान नागरिक यतिबेला निकै कठिन अवस्थामा रहेका र यहाँको आर्थिक अवस्था पनि नाजुक रहेकाले अफगानिस्तानमाथि अमेरिकी सरकारले लगाएका आर्थिकलगायतका विभिन्न नाकाबन्दी फुकुवा गर्नुपर्ने उहाँको भनाइ थियो ।

चीनले अफगानिस्तानलाई मानवीय सहायताका सामग्री उपलब्ध गराउँदै आएको छ ।

## भारतमा थप १ लाख ६८ हजार नयाँ संक्रमित

नयाँदिल्ली, २७ पुस (रासस/एएनआई) ।
भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप एक लाख ६८ हजार ६३ जना नयाँ सङ्क्रमित भएका छन् ।

यो सङ्ख्या अघिल्लो दिनको तुलनामा ११ हजार ६६० ले कम भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जनाएको छ ।

सोमबार सार्वजनिक गरिएको विवरणमा पछिल्लो २४ घण्टामा भारतमा एक लाख ७९ हजार ७२३ सङ्क्रमित भएको उल्लेख गरिएको थियो ।

मन्त्रालयका अनुसार थपिएका नयाँ सङ्क्रमितमध्ये चार हजार ४६१ कोरोनाभाइरसको नयाँ भेरियन्टको रुपमा रहेको ओमिक्रोन भाइरसबाट सङ्क्रमित भएका छन् ।

भारतमा अहिले आठ लाख २१ हजार ४४६ सङ्क्रमित अवस्थामै रहेको पनि मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार दैनिक नयाँ सङ्क्रमितको सङ्ख्या १०.६४ प्रतिशतले वृद्धि हुँदै गएको छ ।

पछिल्लो एक दिनमा भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ६९ हजार ९५९ रहेको छ । योसँगै कुल सङ्क्रमणमुक्त भएकाको सङ्ख्या भने तीन करोड ४५ लाख ७० हजार १३१ रहेको छ ।

## जापानमा बाह्र वर्षभन्दा कम उमेरका बालबालिकालाई पनि खोप लगाउने तयारी

टोकियो, २७ पुस (रासस/सिन्ह्वा) ।
जापानमा १२ वर्षभन्दा कम उमेरका बालबालिकालाई पनि कोरोनाभाइरसविरुद्धको खोप लगाउने तयारी भएको छ ।

जापानका प्रधानमन्त्री फुमिओ किशिदाले कोरोनाभाइरसको नयाँ भेरियन्टको रुपमा देखिएको ओमिक्रोन भाइरसको सङ्क्रमण फैलिन थालेकाले बालबालिकालाई पनि खोप लगाउने तयारी भइरहेको जानकारी दिनुभयो ।

देशव्यापी खोप अभियान अन्तर्गत बालबालिकालाई पनि खोप लगाउने तयारी भइरहेकाले त्रसित नहुन पनि उहाँले मङ्गलबार सबैलाई अनुरोध गर्नुभयो ।

उहाँले वयस्क तथा जेष्ठ नागरिकलाई पनि अतिरिक्त खोपको व्यवस्था गरिएको जानकारीसमेत दिनुभयो ।

बालबालिकालाई पहिलो मात्रा खोप लगाउने र वयस्क तथा जेष्ठ नागरिकलाई अतिरिक्त खोप लगाउने अभियान सँगसँगै चलाइने उहाँको भनाइ छ ।

उहाँले महामारी दिन प्रतिदिन तीव्ररुपमा फैलिँदै गएकाले गैह्र आवासीय विदेशीलाई आगामी फेब्रुअरी अन्त्यसम्ममा प्रवेश निषेध गरिएको घोषणा पनि दिनुभयो ।

जापानमा गत सोमबार मात्रै देशभरि छ हजार ४०० भन्दा बढी नयाँ सङ्क्रमित थपिएको सरकारी अधिकारीले जनाएका छन् ।

# गण्डकीलाई हराउदै प्रदेश २ को पहिलो जित



**चन्दनकुमार यादब**
**काठमाडौं, २७ पुस ।**

गण्डकी प्रदेशलाई २ बिकेटले पराजित गर्दै प्रदेश २ ले प्रधानमन्त्री कप टि ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा पहिलो जित हात पारेको छ ।

मंगलवार काठमाडौंस्थित मुलपानी खेलमैदानमा टस जितेर गण्डकी प्रदेशले २० ओभरमा ७ बिकेट गुमाई १ सय १६ रनको योगफल खडा गरेको थियो । जसमा गण्डकीका अर्जुन कुमालले ४१ रन बनाएका थिए ।

बलिङतर्फ प्रदेश २ का आदिल आलम २, हरीशंकर साह, जितेन्द्र यादब र बिबेक यादबले १/१ बिकेट लिएका थिए ।

जवाफमा प्रदेश २ ले १८ ओभर १ बलमा ८ बिकेट गुमाएर बिजय लक्ष्य हासिल गरेको थियो । प्रदेश २ को जितमा हासिम अंन्सारीले सर्वाधिक २६ रन जोडेका थिए भने सन्तोष कार्कीले २३ रन बनाएका थिए । हरेकृष्ण साहले १७ रन जोडेका थिए ।

यता गण्डकी प्रदेशका कृष्ण पौडेल ३, सुभाष भण्डारी र बिशाल पौडेल २/२ बिकेट लिएका थिए । खेलको म्यान अफ द प्लेयर गण्डकीका अर्जुन कुमाल घोषित भए ।

# थप दुई हजार ४४४ मा कोरोना सङ्क्रमण पुष्टि

काठमाडौं, २७ पुस (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप दुई हजार ४४४ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा १५ हजार ३३ को नमूना परीक्षण गरिएको थियो । १० हजार ६४८ ले पीसीआर र चार हजार ३८५ ले एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा ३१३ कोरोनाबाट निको भएका छन । यससँगै निको हुनेको संख्या आठ लाख १४ हजार ७९८ पुगेको छ । नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ३५ हजार ९२७ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा ९७ हजार ९६७ सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ४९ लाख ४८ हजार २३७ र एन्टीजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ६५ हजार २२८ पुगेको छ ।

कोभिडविरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा एक लाख ८० हजार ४५७ रहेको छ । हाल सक्रिय सङ्क्रमितको संख्या नौ हजार ५२२ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६०७ पुगेको छ ।

हाल भेन्टिलेटरमा रहनेको संख्या जम्मा १९ र आइसियुमा ९३ जना रहेका छन । होम आइसोलेसनमा आठ हजार ८६७, संस्थागत आइसोलेसनमा ६५५ र क्वारेन्टिनमा ११३ रहेका छन । हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन भने दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सुनसरी, मोरङ, चितवन, कास्की, बाँके र कैलाली छन । शून्य सङ्क्रमित रहेका जिल्लामा मुस्ताङ र मुगु रहेका छन ।

उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा तीन हजार ५२१, ललितपुर एक हजार ९० र भक्तपुरमा ६९९ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# देश परायाहरुको खेल मैदान बनिसकेको छ : पूर्व राजा ज्ञानेन्द्र

**दैनिक समाचारदाता**
**काठमाडौं, २७ पुस ।**

पूर्वराजा ज्ञानेन्द्र शाहले देश परायाहरुको खेल मैदान बनिसकेको खतराको अनुभूति हरेक नेपालीले गरिराखेको बताएका छन् ।

३०० औं पृथ्वी जयन्तीका अवसरमा एक शुभकामना सन्देश दिंदै उनले यस्तो सन्देश दिएका हुन । शाहले गणतन्त्रप्रति घुमाउरो तरिकाले अब यसको विकल्प खोज्न ढिला गर्न नहुने संकेत गरेका छन् ।



शाहले वक्तव्यमा भनेका छन "सबैभन्दा उन्नत दाबी गरिएको तन्त्रमा जनताले सास्ती र राष्ट्रले अस्तित्वप्रतिनै चिन्ता गर्नुपर्ने परिस्थिति बन्दछ भने त्यस्तो तन्त्रमा अभ्यासको व्यर्थ प्रयासमा समय बर्बाद गर्न नहुने निष्कर्षमा पुग्न विलम्ब गरिनुहुँदैन ।"

उनले राष्ट्रियताका आधारहरुमाथि प्रहार भई देशको अस्तित्वसमेत संकटमा पारेको यस स्थितिमा एकताको महत्व र बडामहाराजधिराजका योगदान एवम दिव्य उपदेशको सान्दर्भिकता थप बढेको महसुस भएको ज्ञानेन्द्रको बुझाई छ ।

# वीरगञ्जलाई प्रदेश नं २ को राजधानी बनाउन दबाब

वीरगञ्ज, २७ पुस (रासस) ।

प्रदेश नं २ को स्थायी राजधानी देशकै आर्थिक नगरीका रूपमा स्थापित वीरगञ्जलाई बनाउन दवाब सिर्जना गर्न थालिएको छ । वीरगञ्जलाई प्रादेशिक स्थायी राजधानी बनाउन दबाव दिन ज्ञापनपत्र बझाउनेदेखि मुख्यमन्त्रीको निवासमा धर्ना बस्नेसम्मको कार्यक्रम सार्वजनिक गरिएको हो ।

वीरगञ्ज राजधानीको पक्षमा आवाज उठाउँदै आउनुभएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता राजेशमान सिंहको समूहले पुस २८ गते बुधबार प्रदेश नं २ लोसपा संसदीय दलका नेता जितेन्द्र सोनललाई ज्ञापनपत्र बुझाउँदैछन् भने ३० गते शुक्रबार प्रदेशका मुख्यमन्त्रीको वीरगञ्ज निवास अगाडि शान्तिपूर्ण धर्ना एवं प्रदर्शन गर्ने कार्यक्रम सार्वजनिक गरेको हो ।

समग्रमा देशकै प्रमुख आर्थिक नगरीका रूपमा परिचित वीरगञ्जलाई नै प्रदेशको स्थायी राजधानी बनाउनुपर्ने भन्दै पर्साबाट निर्वाचित प्रदेशसभा सदस्य प्रल्हाद गिरी, लोसपा नेता प्रेमबाबु पटेल, मुकेश द्विवेदी, उमेश सहनी, सुजित गिरीलगायतको माग छ । वीरगञ्जलाई नै स्थायी राजधानी बनाउन खोजेको भन्दै वीरगञ्जवासीले दवाब सिर्जना गरेका छन् । मधेश आन्दोलनलाई सार्थक बनाउन वीरगञ्जले खेलेको भूमिका र सहिदको बलिदानीको मूल्याङ्कन गरेर वीरगञ्जलाई प्रदेश नं २ को राजधानी कायम गर्नुपर्ने माग वीरगञ्जवासीको छ ।

# अध्यक्ष नेपाललाई कोरोना सङ्क्रमण

काठमाडौँ, २७ पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल कोरोना भाइरसबाट सङ्क्रमित हुनुभएको छ ।



आशंका लागेर स्वाब परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टि भएको पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो ।

कोटेश्वरस्थित निवासमा आराम गरिरहनुभएका अध्यक्ष नेपालको स्वास्थ्य अवस्था सामान्य रहेको छ ।

यसैगरी एकीकृत समाजवादीका उपमहासचिव विजय पौडेल पनि कोरोना भाइरसबाट सङ्क्रमित हुनुभएको छ ।

प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।
वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*